# न्यूजप्रवाह साप्ताहिक
Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३७ ❖ २०८३ वैशाख २ गते बुधबार ❖ Wednesday, 15 April, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


न्यूजप्रवाहको शुभकामना आदान प्रदान

## पत्रपत्रिकाको संरक्षण र संवर्द्धन गर्नुपर्नेमा जोड

- **बबिलाल तामाङ**

भरतपुर । नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष वसन्त पराजुलीले पत्रपत्रिकाको संरक्षण र संवर्द्धन गर्नु राज्यको दायित्व भएको बताएका छन् ।

न्यूजप्रवाह साप्ताहिकले आयोजना गरेको नयाँ वर्ष २०८३ को शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष पराजुलीले प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएका पत्रपत्रिका बन्द हुन नदिन राज्यले ध्यान दिनुपर्नेमा जोड दिएका हुन् ।




कार्यक्रमका प्रमुखअतिथिसमेत रहेका अध्यक्ष पराजुलीले मोफसलमा पत्रिका सञ्चालन गर्नु चुनौतीपूर्ण रहेको अवस्थामा सरकारले सरकारी निकायबाट प्राप्त हुँदै आएको विज्ञापन निजी सञ्चारमाध्यममा रोक लगाउनु दुर्भाग्यपूर्ण रहेको र यसले निजी सञ्चारमाध्यम धराशायी हुने खतरा रहेको औँल्याए ।

निजी सञ्चारमाध्यमलाई जोगाउन सरकारले लोक कल्याणकारी विज्ञापन वृद्धि गर्नुपर्ने अवस्थामा वन्चित गर्ने कार्यले सरकार प्रेसमैत्री नरहेको स्पष्ट भएको बताए । उनले भने, 'सरकारको यस निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले विरोध जनाउँदै आएको छ । महासंघले घोषणा गरेका आन्दोलनका कार्यक्रममा सबै सञ्चारमाध्यम, नागरिक समाज र संघसंस्थाले ऐक्यबद्धता जनाउन आवश्यक छ ।'

सरकार आलोचना दबाउने नियतका साथ निजी सञ्चारमाध्यम धराशायी गराउने र पत्रकार हरुलाई बेरोजगार बनाउन उद्यत रहेको उनको भनाइ थियो । नेपाल पत्रकार महासंघले पत्रकारहरुको पेसागत हकहितको संरक्षण गर्न अभिभावकीय नेतृत्व लिँदै सरकारको गलत कदमविरुद्ध निरन्तर खबरदारी र असल कामको समर्थन गर्दै आएको उनले बताए ।

यस्तै, नेपाल पत्रकार महासंघ चितवनका उपाध्यक्ष दिपेन्द्र अधिकारीले वर्तमान समयमा पत्रिका सञ्चालन गर्न कठिनाइ हुँदाहुँदै पनि आफ्नो अस्तित्वलाई जीवन्त राख्न न्यूजप्रवाह साप्ताहिकले गरेको पहल सराहनीय रहेको बताए । उनले स्थानीय तहमा सञ्चालित सञ्चारमाध्यमलाई जोगाउन सरकारले गरेको निर्णय फिर्ता लिनुपर्नेमा जोड दिए ।

पत्रपत्रिका तथा सञ्चार-

(बाँकी ५ पेजमा)

## नेफिन संघीय समितिका तीन जना सम्मानित

- **विना तामाङ**

भरतपुर । चितवनमा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) जिल्ला समन्वय समिति




चितवनले नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान, बधाई तथा सम्मान कार्यक्रमको आयोजना गरेर तीन जनालाई सम्मान गरेको छ ।

नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) संघीय समितिको ११औं केन्द्रीय महाधिवेशनबाट निर्वाचित उपाध्यक्ष चन्द्रलाल राजभण्डारी तथा सचिवहरु महेन्द्र दुरा र सन्तबहादुर चेपाङलाई सोमबार सम्मान गरिएको नेपाल आदिवासी जनजाति चितवनका अध्यक्ष सागर कुमालले जानकारी दिए ।

महासंघले सोही अवसर पारेर जिल्ला समितिका संस्थापक अध्यक्ष ओम गौचन र पूर्वअध्यक्ष पदमबहादुर गुरूङलाई पनि सम्मान गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि तथा संविधानसभाका सदस्य गोविन्दराम चेपाङले विरुवामा पानी दिएर उद्घाटन गरे । प्रमुख अतिथि चेपाङले देश नयाँ मोडमा प्रवेश गरेको भन्दै आदिवासी जनजाति समुदाय नयाँ सरकारबाट आशावादी

(बाँकी ३ पेजमा)

## सिद्धि विनायकद्वारा स्व. चन्द्रकलाको परिवारलाई राहत

भरतपुर । भरतपुर-२, क्षेत्रपुर स्थित सिद्धि विनायक बचत तथा




ऋण सहकारी संस्था लि. (साकोस) ले शेयर सदस्य स्व. चन्द्रकला देवकोटाको परिवारलाई राहत रकम प्रदान गरेको छ ।

संस्थाले स्व. चन्द्रकलाको मृत्युपश्चात उनका पति चन्द्रकान्त देवकोटालाई बिहीबार एक कार्यक्रमका बीच आफ्नै सभाहलमा रु. २५ हजार रुपैयाँ प्रदान गरिएको संस्थाका अध्यक्ष थिरप्रसाद धितालले जानकारी दिए ।

शेयर सदस्य चन्द्रकलाको मंसिर २३ गते निधन भएको थियो ।

अध्यक्ष धितालका अनुसार संस्थाले संचालन गरेको जीवन सुरक्षा कोष अन्तर्गत सदस्य कल्याण कोष मार्फत उक्त रकम हस्तान्तरण गरिएको हो ।

संस्थाले सामाजिक उत्तर-दायित्व वहन गर्दै राहत वितरण

(बाँकी ५ पेजमा)

## दशौं अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनीको समापन

भरतपुर । भरतपुरको प्रदर्शनी केन्द्रमा दशौं अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी सम्पन्न भएको छ ।

तीन दिन (चैत्र २७ गतेदेखि सुरु) देखि सञ्चालन भएको उक्त प्रदर्शनीले नवप्रवर्तन उद्यमीहरूमा उद्यमशीलताप्रति आकर्षण बढाउनुका साथै स्वदेशी उत्पादनको बजारीकरणमा टेवा पुऱ्याएको आयोजकले जनाएको छ ।

चितवन उद्योग संघका अध्यक्ष मदन घिमिरेका अनुसार प्रदर्शनीमा कृषि, पर्यटन, सेवा, उत्पादन र निर्माण क्षेत्रका कुल ८६ उद्योग-व्यवसाय तथा संघ-संस्थाका १०६ वटा स्टल सहभागी थिए ।

प्रदर्शनीअन्तर्गत "नेपालको




वर्तमान औद्योगिक अवस्था र भावी गन्तव्य" विषयमा आयोजित प्यानल छलफलमा सहभागीहरूको उत्साहजनक सहभागिताले नियमनकारी निकाय र

(बाँकी ३ पेजमा)





### सम्पदा जोगाऔं, पहिचान बचाऔं ।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरुमा तोडफोड वा क्षति नपुऱ्याऔं ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरुको पालना गरौं ।
- पर्यटक तथा आगन्तुकहरुलाई सम्पदाको महत्वबारे जानकारी गराऔं ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
- पुराना सम्पदाहरुको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं ।

सम्पदा जेगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

| | |
|---|---|
| प्रकाशक | : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि. |
| प्रधान सम्पादक | : बबिलाल तामाङ |
| सम्पादक | : मेकना तामाङ |
| प्रधान कार्यालय | : भरतपुर–१६, चितवन |
| फोन | : ९८४५०६७४१४ |
| इमेल | : newsprabah@gmail.com |
| शाखा कार्यालय | : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२० |
| शाखा कार्यालय | : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४ |
| मुद्रक | : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग |


## सम्पादकीय

### नयाँ वर्ष २०८३ को शुभकामना !

नयाँ वर्ष २०८३ को आगमनसँगै हामी सबैले नयाँ आशा, नयाँ ऊर्जा र नयाँ लक्ष्यहरूलाई आत्मसात् गर्ने अवसर पाएका छौँ । समयको चक्रसँगै आउने नयाँ वर्ष पात्रो परिवर्तन मात्र नभएर यो हाम्रो सोच, व्यवहार र जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउने एउटा सशक्त अवसर पनि हो। विगतका अनुभवहरूबाट सिक्दै भविष्यलाई अझ उज्यालो बनाउने प्रतिबद्धता गर्नु नै नयाँ वर्षको वास्तविक सार हो । गत वर्ष २०८२ ले हामीलाई विभिन्न अनुभवहरू दियो- केही सुखद, केही चुनौतीपूर्ण । प्राकृतिक विपत्तिहरू, आर्थिक उतारचढाव, सामाजिक परिवर्तन र व्यक्तिगत सङ्घर्षहरूबीच हामीले धैर्यता, एकता र सहकार्यको महत्त्वलाई अझ गहिराइमा बुझ्यौँ । यी अनुभवहरूलाई पाठका रूपमा ग्रहण गर्दै नयाँ वर्षमा अझ सुदृढ र सजग समाज निर्माणतर्फ अघि बढ्नु आवश्यक छ ।

नयाँ वर्ष २०८३ ले विशेष गरी युवाहरूका लागि अपार सम्भावनाहरू बोकेको छ। शिक्षा, प्रविधि, उद्यमशीलता र सिर्जनशीलतामा ध्यानकेन्द्रित गर्दै युवाहरूले देशको विकासमा महत्त्वपूर्ण योगदान दिन सक्छन् । यसका लागि राज्यले पनि रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा र नवप्रवर्तनलाई प्रोत्साहन दिने नीति अवलम्बन गर्नु जरूरी छ। व्यक्तिगत सफलता मात्र होइन, सामूहिक समृद्धि नै हाम्रो लक्ष्य हुनुपर्छ। साथै, सामाजिक सद्भाव, सहिष्णुता र पारस्परिक सम्मानलाई सुदृढ बनाउनु पनि आजको आवश्यकता हो । विभाजन र द्वन्द्वभन्दा माथि उठेर हामीले एकता र सहकार्यलाई प्राथमिकता दिनुपर्छ। परिवारदेखि समाज र राष्ट्रसम्म, हरेक तहमा सकारात्मक सोच र जिम्मेवार व्यवहार आवश्यक छ। यसले मात्र स्थायी शान्ति र विकासको आधार तयार गर्न सक्छ ।

पर्यावरण संरक्षण अर्को महत्त्वपूर्ण पक्ष हो, जसमा हामी सबैको भूमिका अपरिहार्य छ । जलवायु परिवर्तनका असरहरू दिनप्रतिदिन स्पष्ट हुँदै गइरहेका छन् । त्यसैले, हरित वातावरण संरक्षण, स्रोतहरूको उचित उपयोग र दिगो विकासतर्फ हाम्रो ध्यानकेन्द्रित हुनुपर्छ। साना-साना प्रयासहरूले पनि ठूलो परिवर्तन ल्याउन सक्छन् । अन्ततः, नयाँ वर्ष २०८३ लाई सफल, समृद्ध र अर्थपूर्ण बनाउन प्रत्येक नागरिकले आफ्नो जिम्मेवारी बुझेको हुनुपर्छ। सकारात्मक सोच, इमान्दारी र परिश्रमका साथ अघि बढ्दा हामीले व्यक्तिगत तथा राष्ट्रियस्तरमा उल्लेखनीय उपलब्धि हासिल गर्न सक्छौँ। यस नयाँ वर्षले सबैमा स्वास्थ्य, खुसी, शान्ति र समृद्धि ल्याओस् भन्ने कामना गर्दै हामी सबैले उज्यालो भविष्यतर्फ आत्मविश्वासका साथ कदम चालौँ । नयाँ वर्ष २०८३ को हार्दिक शुभकामना !

# मैंले कसरी स्टक मार्केटबाट २० लाख डलर कमाएँ ?

## निकोलस डार्भासको कथा - एउटा पेशेवर नर्तकदेखि वाल स्ट्रिट लेजेन्डसम्म

- -दिनेश कार्की

दृष्टिकोण



नेपालमा औपचारिक शेयर कारोबार शुरु हुनुभन्दा पनि ४० वर्ष अगाडि एउटा लिजेन्डरी पात्र न्यू योर्क स्टक एक्सचेन्जको शेयर मार्केटको लागि काठमाडौंबाट स्टकको अर्डर लेखेर पठाउँथे। द रोयल होटलमा बस्थे र भारतीय दूतावासको टेलिग्राफिक सञ्चार उपकरणको प्रयोग गर्दथे सन्देश प्राप्ती र प्रेषणका लागि। राजनीतिक रुपले अत्यन्त तरल सन १९५७ तिरको त्यो समयमा नेपालमा राजा महेन्द्र थिए।

ति पात्र स्वअध्ययन र अभ्यासबाटै पारंगत स्टक ट्रेडर बनि सनसनी मच्चाउने निकोलस डारभस थिए। जसले स्टक मार्केट मूल्यांकनको बक्स थ्योरीलाई जन्म दिएका थिए। पेशाले घुमन्ते डान्सर निकोलस डारभस काठमाडौं नेपाल पनि आएका बेला प्रख्यात होटल व्यवसायी बोरिस लिसानोभिचको स्वामित्वको रोयल होटेल काठमाडौंमा बसेको कुरा भारतीय दूतावासमा प्राप्त गरेको टेलिग्रामको रसिदले खुलाउँदछ। आजभोली जहाँ निर्वाचन आयोगको कार्यालय रहेको छ, त्यहीं रहेको बहादुर भवन रोयल होटेलको रुपमा प्रख्यात थियो। भारतीय दूतावास मात्र एउटा यस्तो स्थान थियो जसबाट बाहिरी दुनियाँसँग टेलिग्राफिक सम्पर्क स्थापित गर्न सकिन्थ्यो। काठमाण्डुमा गएको बेलाको आफ्नो शेयर कारोबारबारेको प्रसंग पनि डारभसले पुस्तक "हाउ आई मेड २ मिलियन डलर इन स्टक मार्केट (मैंले शेयर बजारबाट कसरी २० लाख डलर कमाएँ)" मा उल्लेख गरेका छन्। डारभसले आफ्नो पुस्तकमा उल्लेख गरे अनुसार काठमाडौंमा भारतीय दूतावास बाहेक अन्त कतै पनि टेलिग्रामको सुविधा थिएन।

टोरन्टोका नाइटक्लव मालिकले डारभरसले पाउने ज्याला एउटा खानी कम्पनीको शेयर मार्फत नतिरेको भए उनी स्टक मार्केटमा प्रवेश गदैनथे होला। त्यो ज्यालाका रुपमा पाएको शेयर तीन गुण बढि आकाशियो र त्यति नैं बेला उनले बेच्न पुगे। बेचे लगत्तै त्यसको शेयरमा भारी गिराबट भयो। यसरी स्टकको रुमानी दुनियामा डारभरस परिचित हुन पुगे। स्टक मार्केटमा डारभरको प्रवेश एउटा संजोग थियो। कुनै संयोग यस्ता हुन्छन्, जसले जीवनको दिशा र दशा बदल्ने सामर्थ्य राख्छन्। त्यो सुखद सन्जोकले उनको व्यक्तिगत आर्थिक जीवन मात्र होइन स्टक मार्केटलाई प्रक्षेपण गर्ने एउटा थ्योरी निर्माणको पहिलो इट्टा बन्यो। डारभस बक्स थ्योरी।

स्टक मार्केट कसरी चल्छ भन्ने बारेको जिज्ञासाको भोक मेट्न दैनिक आठ घण्टा यसबारेको किताव पढ्न मैं बित्दथ्यो। बोस्टन बाट प्रकाशित हुने ब्यारोन्सका तथ्यांक केलाउनु र आफ्नो रुचीका केही स्टकको दैनिक अधिकतम, न्यूनतम र बजार बन्द हुँदाका मूल्यलाई पनि एउटा ट्रेन्डको रुपमा केलाउँदथे। शेयर बजारमा आउनुअघि नैं डारभस एक पेशेवर नर्तक थिए। उनी आफ्नो नृत्य करिअरको यात्राको क्रममा जहाँ जहाँ जान्थे, त्यहीं त्यहीं अमेरिकाको बोस्टनबाट प्रकाशित हुने ब्यारोन्स म्यागाजिन डेलिभर हुने ब्यबस्था गर्दथे। यसरी उनी टोकियो, बम्बई, काठमाण्डु, सिंगापुर जहाँ पुगे पनि ब्यारोन्स ढिलै भएपनि पढेर ब्यारोन्समा प्रकाशित शेयर कारोबारका अंकहरु केलाउने गर्दथे। नृत्य प्रदर्शनका लागि युरोप, अमेरिका, एसिया आदिका विभिन्न देशहरुमा आफ्नो नृत्य सहयात्री सौतेनी बहिनी (हाफ सिस्टर)को साथमा जाने गर्दथे। जीवन धान्ने मुख्य आम्दानी आफ्नो पूर्णकालीन जागिर भएका कारण पनि स्टक मार्केटमा उनले जोखिम मोल्न सके।

शुरुमा लहड, अनि लगाव र पछि स्वअध्ययन गदै स्टक मार्केटको ज्ञान आर्जन गर्न पुगेका डारभसले निश्चित केही स्टकहरुको अंक विश्लेषणबाट कुनै प्याटर्न शैली खोज्न थाले। कुनै शैली कसरी चलेको छ भनेर पत्ता लगाइसकेपछि यसको शैली यस्तो हुनेछ भनेर प्रक्षेपण गर्न पनि डारभसलाई सघाउ पुग्यो।

केही हजार डलरको लगानी कालान्तरमा २० लाख डलरमा परिणत भयो १८ महिनाको अवधिमा।

उनी जहाँ जहाँ नाच्दै जान्थे, त्यहींत्यहीबाट स्टक कारोबार गर्दथे। यो त्यो बेलाको कुरा हो जतिबेला आजभोलीको जस्तो सूचना प्रविधिको विकास भएको थिएन र न इमेल र इन्टरने नैं थियो। थियो त केवल शब्द फारु गरेर लिखित सन्देश प्रवाहित गरिने माध्यम टेलिग्राम। रियल टाइम ट्रेडिंग चार्ट र आधुनिक ट्रेडिंग टूलको अभावमा पनि उनलले निरन्तर सफलतापूर्वक नाफामूलक ढंगबाट स्टक कारोबार गर्न सफल भए। यतिको भरमा निकोलस डारभसले वालस्ट्रिटको नाकै मुनी बसेर शेयर कारोबार गर्नेहरुलाई जिल्याइदिए। त्यसो त एकाग्रता टुटेको कुनै समय उनी पनि न्यू योर्कको वाल स्ट्रिट वरपर बसेर शेयर कारोबार गरे तर वाल स्ट्रिट नजिकै बसेर गरेको शेयर कारोबारका उनका केही मुभले हावा खाए र उनी पछारिए।

वालस्ट्रिटका भीडहरु त्यतिवेला पनि उस्तै चलायमान थिए। ति भीडले त्यतिबेला पनि परामर्स,अपडेट र सब्सक्रिप्सनको व्यापार गरेर आफ्नो जागिर धानेका थिए। ती भीडको सल्लाहलाई प्रारम्भिक दिनहहरुमा शिरोपर गर्दा डारभसले हजारौं डलर गुमाए। पटकपटक। बजारले उनलाई घाटाको चोकमा नराम्रोसँग बजार्यो।

**बक्स थ्योरी**

स्टक मार्केटमा तपाईंले किन्नुभएको स्टक किन्नासथ घटेको र त्यही स्टक बेच्नासाथ बढ्ने गरेको छ ? किनेको स्टक घट्दै गएका कारण घाटामा बेच्नुभन्दा नबेची पर्खने(होल्ड गर्नु) परेको छ ? स्टकबाट केही नाफा कमाएर पुरै स्टक मार्केटको प्रकृति नैं बुझेजस्तो लाग्ने तर लगत्तै साना् असावधानीले वा भ्रमले उल्लेख्य घाटा बेहोर्नुपरेको छ? यदि त्यस्तो हो भने तपाईंको अनुभव पनि डारभसको अनुभवसँग मेल खान्छ। अनुभवहरुबाट गुज्रिएर निकोलस डारभसले स्टक मार्केटको अहोरात्र मिहिन अध्ययन गर्छन्, र त्यसबाट कुनै थ्योरी पत्ता लगाउँछन्। उनको त्यो थ्योरी यति अचूक भइदिन्छ कि उनलाई लाग्छ उनले पत्ता लगाएको नियम मुताविक नैं स्टक माकेट चलिरहेको छ। उनले धैरे दिन त्या नियमलाई पूनर्जाच गर्छन्। पटक पटक। अनि स्थापित हुन्छ उनको अदितिय बाकस प्रणाली अर्थात बक्स सिस्टम जसबाट उनले शेयरहरु किन्ने र बेच्ने गरेका थिए। आजभन्दा ६५ वर्षअघि प्रकाशित भएको यो पुस्तक आज पनि महत्वपूर्ण पुस्तकको रुपमा प्रख्यात छ।

निकोलस डारभसले ट्रेन्डलाई मज्जासँग फलो गरे। मिहिन ढंगले अंकको उछाल र संकूचनलाई केलाएर ट्रेन्ड फलोइंगको मास्टर माइण्ड बने। यसरी नैं डारभसको बक्स थ्योरी आएको हो। उकालो चढ्दै गरेको स्टकले क्रमिक रुपमा बक्स बनाउँदै अगाडि बढेको उनले पत्ता लगाए। अगाडि बढ्ने क्रम ट्रेन्ड शैली पत्ता लगाएपछि बुलिश ब्रेकआउटको लागि कुर्थे र स्टक किन्थे। अनि बाकसको तल्लो विन्दुबाट तल जाने संकेत पाएपछि स्टपलश सेट गेरर बाहिरिन्थे।

कुन क्षेत्रले सबैभन्दा राम्रो गरेको छ र त्यसमा पनि बजारलाई नेतृत्व गर्ने कुन शेयर हो र प्रति शेयर कमाइ (इपिएस)त्यसको तुलनात्मक सबलपक्षलाई हेक्का गरिसकेपछि मात्र उनी बुलिस ब्रेकआउट हेरेर शेयर किन्थे।

यो पुस्तक पहिलोपटक प्रकाशित भएको सन् १९६० मा हो जतिबेला अमेरिकाको वार्षिक प्रतिव्यक्ति आय करिब २६ सय ७० अमेरिकी डलर थियो। अहिले अमेरिकीहरुको औसत आय करिब ७६ हजार डलर रहेको छ (अक्टोबर २०२५) को तथ्यांक अनुसार। यसैबाट थाहा हुन्छ, आजको तुलनामा त्यतिबेलाको २० लाख डलर अर्थात २ मिलियन डलरको तत्कालीन अबश्थाको प्रभाव र मूल्य। त्यो भनेको आजको मूल्यमा करिब २१ करोड डलर बराबर हुन्छ।

**किश्मत होइन, कौशल**

जब उनलाई अब भाग्यको भरमा स्टक ट्रेडिंग गर्ने होइन भन्ने लाग्छ, अनि सोच्छन्, म एकचोटी लक्की हुन सक्छु, दुइ चोटी लग्क्की हुनसक्छु तर स्टक मार्केटमा पटकपटक यस्तो हुन सक्दिन। उनी अठोट गर्छन्, "होइन यो मेरो लागि हुदै होइन। ज्ञानमा भर पर्नैपर्छ। मैंले सिक्नैपर्छ बजारमा कसरी टिक्ने काम गर्ने भनेर।"

उनी सोध्छन्, मेरो विपक्षीको चाललाइ कसरी जवाफ दिने भन्ने कुरा थाहा नपाई के म चेस जित्न सक्छु, ब्रिज गेमको नियम थाहा नपाई के म यसमा जित्न सक्छु? त्यसैगरी कसरी कारोबार गर्ने भन्ने थाहै नपाई बजारमा कसरी सफल हुने अपेक्षा गर्न सक्छु। उनले विगतको अनुभवलाई एकचोटी केलाए। उनलाई लाग्यो आफू फण्डामेन्टल अप्रोचबाट गरेको कुरामा उनी गलत सावित भए र प्राविधिक तरिकाबाट गरेकोमा उनी सफल वा सही।

जे कुराले सफल बनाएको हो त्यही कुरालाई दोहोर्याउँदा सफलता पनि दोहोरिन सक्छ भन्ने कुराका कडि उनले बुझे। टेक्सास गल्फ प्रोड् यूसिंग स्टक जस्तै स्टक भेट्टाउनका लागि उनी हरेका साँझ स्टकको टेवललाई नियाल्दै घण्टौं बिताउन थाले। खोज्दा खोज्दै उनले अर्को यस्तो स्टक भेट्टाउँछन् जसको बारेमा न कुनै वित्तिय संरचनाहरुले उनलाई त्यो बताएको थियो न त शेयर ब्रोकरले नैं यो बारेमा कुनै संकेत दिएको थियो।

विशुद्ध प्राविधिक विश्लेषणको आधारमा माथि जानसक्ने देखेर खरिद गरेको शेयरले अर्को कुनै कम्पनीसँग गाभिने खबरले उनलाई नाफा दियो। प्राविधिक विश्लेषण (टेक्निकल एनालिसिस)को प्रयोगले डारभसलाई आफू कम्पनीको भित्री व्यक्ति (इन्साइडर) जस्तै बनायो। यतिबेलासम्म डारभसले यो कुरा बुझे कि यदि प्राइस एक्सन (मूल्यको क्रिया) र भोल्यूम लाई मात्र पढ्यो भने अरु सबै फ्याक्टरलाई छोडेर सकारात्मक परिणाम प्राप्त गर्न सकिन्छ।

डारभस भन्छन्, यदि सामान्यतया निश्क्रिय जस्तै देखिने स्टक अचानक सक्रिय हुन थाल्यो भने मैंले यसलाई असामान्य मान्छु, र यदि यसको मूल्यमा पनि बढोत्तरी भयो भने म किन्छु। यो असाधारण चालको पछाडि यहाँ कुनै एउटा समूह छ जसलाई केही राम्रो जानकारी थाहा छन् भन्ने म अनुमान गर्छु र त्यो स्टक किनेर म उनीहरुको मौन पार्टनर बन्नेछु।

**संकेत र हल्ला छुट्याउने कला**

हल्लाहरुको काम जुनसुकै युगमा वा समयमा पनि बाधा पुर्याउने नैं हो। यदि हल्लालाई बढि सुन्यो भने वास्तविक संकेतसँगको सान्निध्य टुट्छ नसोचेको घाटाको भागिदार हुनुपर्ने हुन्छ। डारभसको अनुभवबाट हामी यही कुरा सिक्न सक्छौं।

उनको स्टकको पोर्टफोलियो २ लाख पचास हजार पुगेको समाचारले उनलाई अचम्मको आत्मविश्वास दिलायो। मात्र टेलिग्रामको मद्दतले गरेको स्टक कारोबारले उनमा एकप्रकारको छैटौं इन्द्रिय नैं विकसित भएको जस्तो उनलाई लागेको थियो। स्टकहरुको उतारचढावलाई आफूले भित्रैदेखि महसुस गर्ने गरेको उल्लेख गर्दै डारभस लेख्छन, संगीतज्ञले गर्ने महसुस भन्दा कत्ति फरक थिएन त्यो अनुभव।

**एउटा निरिह समय**

हजारौं माइल पर अरु महादेशबाट स्टक खरिदविक्रीको निर्देशन दिएर नाफा कमाएका डारभस वालस्ट्रिटको नजिकै बसेर स्टक कारोबार गरेका बेला भने गुमाउन पुग्दछन्। थोरैबाट शुरु गरेर स्टक मार्केटमा ५ लाख डलर बनाइसकेको मान्छे पनि भीडको पछि लाग्यो भने कस्तो हुन्छ भन्ने कुराको उदाहरण पुस्तकमा डारभसले आफैंलाई प्रस्तुत गरेका छन्। वाल स्ट्रिटको भीडमा अरु डराउँदा आफु पनि डराउने र अरु हौसिंदा आफू पनि हौसिने गर्नाले डारभसले आफ्नो सीप र नियन्त्रण गुमाए। डारभस लेख्छन्, मलाई होइन भन्न असम्भव भयो जब मेरो वरिपरिका सबैजना हो भनिरहेका थिए। मैंले जे छोएँ सबै गलत हुन ताल्यो। मैंले एउटा भर्खर सिक्दै गरेको मान्छे जस्तो व्यवहार देखाउन थालें। यत्नपूर्वक खडा गरेको प्रणाली उनकै अगाडि भत्किन थालेजस्तो महसुस भयो। उनी लेख्छन्, मैंले दर्जनौंवटा विरोधाभाषात्मक अर्डरहरु गरें। मैंले ५५ डलरमा स्टक किने त्यो ५१ डलर भयो। म कुरेर बसें। स्टप लशलाई मैंले सबभन्दा पहिले मिल्काइदिएँ। धैर्यता, परख विचार मसँग कुनै थिएन। अनि बक्सहरुलाई मैंले विर्सिदिएँ।

स्टकको कमाइले खल्ती बलियो हुँदै गर्दा मस्तिष्क कमजोर बन्दै गरेको सत्यलाई पनि डारभस उजागर गर्छन्। म ओभर कन्फिडेन्ट बनें, स्टक मार्केटमा जो कोहीले पनि विकसित गर्न सक्ने खतरनाक मानसिक अवश्था थियो त्यो। उनी भन्छन्।

उनको स्टक कारोबारको पूनरावृत्त चक्रका सम्बन्धमा उनले यस्तो लेखे, जुन प्राय घाटाहरुमा अरुको अनुभवसँग मेल खान्छ।

मैले माथि पुगेपछि किर्नैं
मैले किन्नासाथ
स्टक तल झर्न थाल्यो
मलाई डर लाग्यो
र निकै तल झरेपछि बेचिदिएँ।
मैले बेच्नासाथै
स्टक बढ्न थाल्यो
म लोभी भएँ
मैले माथि पुगेपछि किर्नैं।

उनका लागि त्यो समय पूर्ण विपत्तिको घडी थियो, जतिबेला

(बाँकी ५ पेजमा)

# दुई दिन बिदाले पर्यटन व्यवसायीलाई राहत

भरतपुर। साताको दुई दिन बिदा हुँदा आन्तरिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ। सरकारले इन्धन खपत घटाउन शनिबार र आइतबार बिदा दिएको छ।

इन्धनको खपत घटाउने भएकाले यो बिदामा पर्यटकको आगमन धेरै नबढे पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्र पूर्ववत् अवस्थामा फर्कने व्यवसायीहरु बताउँछन्। दुई दिन बिदा हुँदा कम्तीमा एक रात र दुई दिनको छोटो प्याकेज लिएर आन्तरिक पर्यटक हिँड्न पाउने छन्। क्षेत्रीय होटल संघ चितवनका निवर्तमान अध्यक्ष दीपक भट्टराई इन्धन खपत घटाउन खोजिएकाले अहिले ठूलो प्रभाव नभए पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्रमा राम्रो प्रभाव पर्ने बताउँछन्।

उनले भने, 'साताको दुई दिन बिदालाई दीर्घकालीन बनाउन सरकारसँग हामीले आग्रह गर्दै आएका हौँ।' आफू संघको अध्यक्ष हुँदा यस विषयमा धेरै पहलकदमी भएको जनाउँदै उनले अहिलेको सरकारले यसलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी रहेको पनि बताए।

संघका उपाध्यक्ष गुणराज थपलिया विश्वबजार आइतबार पनि बन्द हुने भन्दै उहाँले यसलाई निरन्तरता दिन माग गरिएको बताए। उनले भने, 'सातामा दुई दिन बिदा गर्दा सरकारी व्ययभार घट्ने छ। यो विश्वभरिनै हुने गर्दछ।' झण्डै दुई तिहाइको सरकार भएका कारण राजनीतिक स्थायित्व हुनेमा आशावादी भएका व्यवसायीहरु अबको दिन पर्यटकीय हिसाबले राम्रो हुनेमा विश्वस्थ छन्। होटल भिष्टा चितवनका सञ्चालक समेश सिलवाल सातामा दुई दिन बिदाले निरन्तरता पाउनेमा ढुक्क हुनुहुन्छ। उनले भने, 'आन्तरिक पर्यटक वढ्नेमा हामी ढुक्क छौँ।'

शुक्रबार र शनिबार अहिले पनि आन्तरिक पर्यटकको आगमन बढी हुने गरेको भन्दै उहाँले अब आइतबार पनि पर्यटकको संख्या बढ्ने बताए। वनवास रिसोट चितवनका महाप्रबन्धक प्रकाश न्यौपाने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सातामा दुई दिन बिदा दिन सुरु गरिएको भए पनि निरन्तरता दिन नसकिएको बताए। तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा केही दिन बिदा दिइएको जनाउँदै उहाँले यसलाई निरन्तरता दिन आग्रह गरियो। उनले भने, 'दुई दिन बिदा दिँदा आन्तरिक पर्यटन व्यवसाय चलायनमान हुन्छ। राज्यको भार घट्छ।' यसलाई निरन्तरता दिइनेमा आफू विश्वस्त भएको पनि उनले बताए। जिल्लाको सौराहा, पटिहानी, मेघौली, भरतपुरलगायतका क्षेत्रमा आन्तरिक र बाह्य पर्यटकहरु आउने गर्दछन्। दुई दिन बिदा हुँदा देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकहरु घुम्न आउन सहज हुन्छ।

# मोटरसाइकल दुर्घटनामा चालक गम्भीर

रत्ननगर। रत्ननगर नगरपालिका वडा नं-३, होटल भ्यु टावर अगाडि पूर्वपश्चिम राजमार्गमा दुई मोटरसाइकल दुर्घटनामा एक चालक गम्भीर घाइते भएका छन्।

खैरहनीबाट टाँडीतर्फ आउँदै गरेको ना ५७ प ५७४९ नम्बरको मोटरसाइकलले बाटो क्रस गर्दै गरेको बागमती प्रदेश ०६-००२ प ३२०१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालक रत्ननगर-४ बस्ने ५५ वर्षीय सुरेश विष्ट गम्भीर घाइते भएका हुन्।

घाइते विष्टको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ। ना ५७ प ५७४९ नम्बरका मोटरसाइकल चालक रत्ननगर-३ बस्ने २१ वर्षीय प्रिन्स जयसवाल इलाका प्रहरी कार्यालय टाँडीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

## दशौं ...

सरोकारवालाबीच समन्वय बढाउन सहयोग पुगेको उनले बताए।

प्रदर्शनी अवधिभर दर्ता भई अवलोकन गर्नेहरू मध्ये लक्की ड्रमार्फत रत्ननगर-१५, चितवनका कमलनारायण श्रेष्ठ, भरतपुर-११ का सरस्वती लामा र गैंडाकोट-१, नवलपुरका वसन्त पौडेल पुरस्कृत भएका छन्। लक्की ड्रका पुरस्कारहरू प्रदर्शनीमा सहभागी प्रदर्शकहरूले उपलब्ध गराएका सामग्रीबाट प्रदान गरिएको थियो।

नेपाल उद्योग परिसंघ र नेपाल घरेलु तथा साना उद्योग महासंघको अभिभावकत्वमा सम्पन्न उक्त प्रदर्शनीमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र मुख्य प्रवर्द्धकको रूपमा रहेका थिए।

यसैगरी, राष्ट्रिय बीमा कम्पनी लिमिटेड इन्सुरेन्स पार्टनर, डीएचआई ह्याप्पियर होम होम एप्लायन्स पार्टनर, लक्ष्मी सनराइज बैंक बैंकिङ पार्टनर, रिजाल फुड एण्ड बेभरेजेज फुड एण्ड स्न्याक्स पार्टनर, यति ब्रुअरी बेभरेज पार्टनर, लड्र्स होटल एण्ड रिसोर्ट (सिबिसी प्लाजा) हस्पिटालिटी पार्टनर, रोयल पेन्ट्स प्रा.लि. पेन्ट्स पार्टनर र टेस्ला एसी कुलिङ पार्टनरका रूपमा सहभागी थिए।

प्रदर्शनीमा सामाजिक सुरक्षा कोष सहयोगी संस्थाका रूपमा रहेको थियो भने उद्योग तथा वाणिज्य कार्यालय चितवन, भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, कालिका नगरपालिका र माडी नगरपालिका लगायतका निकायहरूको समेत सहकार्य रहेको थियो।

निःशुल्क प्रवेश व्यवस्था गरिएको उक्त प्रदर्शनीमा करिब १६ हजार ३ सय दर्शकले अवलोकन गरेका थिए।

## नेफिन ...

रहेको बताए।

कार्यक्रममा नेपाल तामाङ घेदुङ संघीय समितिका सल्लाहकार मोहन स्याङ्बो, नेपाल आदिवासी युवासंघ चितवनका अध्यक्ष दिपक प्रजा, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) चितवनका अध्यक्ष तुलमान गुरुङ, नेपाल मगर संघ चितवनका पूर्व अध्यक्ष ठाकुरसिंह आले मगर, तमुस्यो ह्युल छोंज धीं (गुरुङ महिला राष्ट्रिय परिषद्) चितवनका अध्यक्ष सीता तमुस्योलगायतले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा महासंघका महिला उपाध्यक्ष सीता हेल्मोले स्वागत मन्तव्य दिए भने सञ्चालन उपाध्यक्ष बाबुलाल थिङले गरे। कार्यक्रममा तामाङ पत्रकार संघ चितवनका प्रकाश तामाङ, म्हाणिपा आमा समूहका सचिव पासाङ तामाङ, विभिन्न आदिवासी जनजाति संगठनका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति थियो।

कार्यक्रम नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) जिल्ला समन्वय समिति चितवनका अध्यक्ष सागर कुमालको अध्यक्षतामा सम्पन्न भएको थियो। हाल महासंघमा २० आदिवासी जनजाति संगठनहरु आवद्ध रहेका छन्।

# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
**कृषि तथा पशुपन्छी**
**व्यवसाय प्रवर्द्धन शाखा**

# स्वास्थ्य/खेलकुद



# भिजाएको चना खाँदा स्वास्थ्यलाई यस्ता छन् ६ फाइदा

धेरैजसो मानिसले कालो चनालाई कुनै न कुनै रूपमा सेवन गरिरहेकै हुन्छन्। धेरैले कालो चनाको दाल पकाएर खाने गर्छन् भने कतिपयले चना भुटेर खान रुचाउँछन्। यसबाहेक कोही मानिसले उसिनेको चना खाने गर्छन्। यसबाहेक चना भिजाएर पनि खान सकिन्छ। भिजाएको चना खानु स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छ। चनामा प्रोटिन, फाइबर, ऊर्जा, आइरन, क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, जिंक, कपर, भिटामिन बी३ र सोडियमजस्ता पोषक तत्व पाइन्छ। यसबाहेक चनामा एन्टिअक्सिडेन्ट, एन्टी इन्फ्लेमेटरी, एन्टी ब्याक्टेरियल र एन्टी फंगल गुण पनि पाइन्छ। यदि तपाईंले भिजाएको चना दैनिक खानुभयो भने तपाईंले धेरै फाइदा लिन सक्नुहुन्छ। भिजाएको चना खाएमा सधैं स्वस्थ रहन सकिन्छ। भिजाएको चना खाँदा के फाइदा हुन्छ भन्ने बारे जानकारी लिऔं।



भिजाएको चना खानुका फाइदा

१. पाचन प्रक्रिया सुधार गर्छ

पाचनशक्ति बलियो बनाउन भिजाएको चना दैनिक खान सकिन्छ। वास्तवमा चनामा फाइबरको मात्रा बढी हुन्छ। फाइबरले आन्द्रा र पेटबाट विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ। यसले तपाईंको शरीरलाई डिटक्स गर्छ, पेटसँग सम्बन्धित समस्याहरू पनि समाधान गर्छ। ग्यास, कब्जियत वा अपच जस्ता पाचन समस्या छ भने भिजाएको चना खान सक्नुहुन्छ। ग्यासबाट छुटकारा पाउन भिजाएको चनामा कागतीको रस, जीराको धुलो छर्कन सकिन्छ।

२. मुटुको स्वास्थ्यको लागि लाभदायी

भिजाएर चना खाँदा मुटुको स्वास्थ्यमा पनि सुधार हुन्छ। चनामा एन्टिअक्सिडेन्ट एन्थोसायनिन्स र फाइटोन्यूट्रिएन्टहरू पाइन्छ। यी सबै तत्वले मुटु र रक्तनलीलाई स्वस्थ बनाउन मद्दत गर्छ। यसबाहेक चनामा पाइने पोटासियम, फोलेट र म्याग्नेसियम पनि मुटुका लागि फाइदाजनक हुन्छ। मुटु रोग छ भने डाक्टरको सल्लाह पछि मात्र भिजाएको चना खानुहोस्।

३. तौल घटाउन उपयोगी

यदि तपाईं तौल घटाउन चाहनुहुन्छ भने भिजाएको चना खाली पेटमा दैनिक सेवन गर्न सक्नुहुन्छ। चनामा फाइबरको मात्रा बढी हुन्छ। भिजाएको चना बिहान खाएमा लामो समयसम्म भोक लाग्दैन। यसो गर्दा तपाईंले धेरै खानेकुरा खानबाट बच्नुहुनेछ र तपाईंको तौल नियन्त्रणमा रहनेछ। बिहानको खाजामा भिजाएको चना खान सकिन्छ। यसो गर्दा बारम्बार खाने इच्छा कम हुन्छ।

४. कोलेस्ट्रोल नियन्त्रण गर्छ

भिजाएको चना खाँदा पनि कोलेस्ट्रोलको मात्रा नियन्त्रणमा राख्न सकिन्छ। कालो चनामा फाइबर धेरै हुन्छ, ग्लाइसेमिक इन्डेक्स कम हुन्छ। यदि तपाईं भिजाएको चना दैनिक खानुहुन्छ भने, यसले तपाईंको रगतमा चिनी र कोलेस्ट्रोलको स्तर कम गर्न मद्दत गर्दछ। तर यदि कोलेस्ट्रोलको मात्रा बढेको छ भने तेलमा चना भुटेर खानु हुँदैन।

५. रक्तअल्पत्ता हटाउँछ

चनामा फलामको मात्रा धेरै हुन्छ। भिजाएको चना दैनिक खाएमा रक्तअल्पत्ताको समस्याबाट बच्न सकिन्छ किनभने चनामा फलामको मात्रा बढी हुन्छ। फलामले रातो रक्त कोशिकाको उत्पादन बढाउँछ, जसले हेमोग्लोबिनको स्तर बढाउँछ र रक्तअल्पत्ता हटाउँछ। यदि तपाईंले दिनहुँ भिजाएको चना खानुभयो भने, तपाईं दिनभर ऊर्जावान महसुस गर्न सक्नुहुन्छ।

६. भिजाएको चना महिलाका लागि फाइदाजनक

भिजाएर चना खाँदा महिलाका लागि निकै फाइदाजनक हुन्छ। वास्तवमा, चनामा सेपोनिन नामक फाइटोन्यूट्रिएन्ट हुन्छ, जसले क्यान्सरको जोखिम कम गर्न सक्छ। यसका साथै भिजेको चना खाँदा ओस्टियोपोरोसिसबाट बच्न पनि मद्दत मिल्छ। भिजेको चना खाँदा रजोनिवृत्तिपछिका लक्षणहरू कम गर्न पनि मद्दत मिल्छ। महिलाले आफ्नो समस्या कम गर्न शुद्ध घिउमा भुटेको चना खान सक्छन्।

# उवासंघ र सप्तगण्डकीबीच सम्झौता

भरतपुर। उद्योग वाणिज्य संघ चितवन र सप्तगण्डकी बहुमुखी क्याम्पसबीच शैक्षिक-औद्योगिक सहकार्यको लागि सम्झौता भएको छ। क्याम्पस प्रमुख खिमलाल दाहाल र संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओलीबीच सो समझदारी पत्रमा हस्ताक्षर भएको हो।

सम्झौतापत्रमा क्याम्पस र उद्योग वाणिज्य संघबीच उद्यमशीलता प्रवर्द्धनमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने उल्लेख छ। सम्झौतापत्रमा उद्योग वाणिज्य संघले सप्तगण्डकी क्याम्पसमा विद्यार्थीहरुलाई विज्ञ मार्गदर्शन र परामर्श, औद्योगिक सम्पर्क, पूर्वाधार र तथ्याङ्कमा पहुँच दिएर सहयोग पुऱ्याउने छ भने क्याम्पसले उद्योग व्यवसाय क्षेत्रको मागअनुसार उद्योगलाई आवश्यक पर्ने विषयहरुमा पाठ्यक्रम निर्माण गर्ने, अध्ययन र अनुसन्धानमा सहयोग पुऱ्याउने छ।

त्यसैगरी सम्झौताअनुसार चितवनमा नियमित उद्योग शिक्षा संवाद हुनुका साथै संयुक्तरुपमा पाठ्यक्रमहरुमाथि समीक्षा गरेर बजारको मागअनुसार जनशक्ति उत्पादन गर्नमा क्याम्पस अग्रसर हुनेछ।

सप्तगण्डकी बहुमुखी क्याम्पस व्यवस्थापन विभागका प्रमुख डा. कपिलदेव सुवेदीले सम्झौतापछि उद्यमशीलता विकासको लागि संघले तालिम र उत्प्रेरण प्रदान गरेर विद्यार्थीलाई उद्योगी बन्न सहयोग गर्ने बताए। उनले भने, 'उद्योग कसरी सञ्चालन हुन्छ भन्ने तालिम र उत्प्रेरणा विद्यार्थीहरुले प्राप्त गर्छन्।'

संघले उद्यमशिलता सम्वर्द्धन केन्द्र सञ्चालन गरेको छ जहाँबाट विद्यार्थीहरुले तालिम प्राप्त गर्नुका साथै विद्यार्थीहरुले संघको विभिन्न कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गर्नेछन्। यसप्रकारको सम्झौताले चितवनमा पढाइ र रोजगारीको बीचमा देखिएको दूरी कम गर्न सहयोग पुग्ने क्याम्पस र संघको अपेक्षा छ।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
◆ Advertisement ◆ Bill / Rasid print ◆ Visiting card
◆ Color Print ◆ Wedding Card ◆ Magzine Design
◆ Computer Type ◆ Pri-ink Nylon Stamp ◆ Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

# ७२ जनामा क्षयरोग भएको पुष्टि

भरतपुर । चितवनका विभिन्न पालिकामा गरिएको एआई एक्सरे क्याम्पबाट ७२ जनामा क्षयरोग पुष्टि भएको छ। जनस्वास्थ्य कार्यालय चितवनले भरतपुर महानगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा उक्त उपकरणको सहायताले क्षयरोगको पहिचान गरेको हो।

कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीले साउनयता एआई एक्सरे उपकरणको सहायताले चार हजार ७१ को परीक्षण गर्दा ७२ जनामा क्षयरोग पुष्टि भएको जानकारी दिए। 'परीक्षण गरिएकामध्ये दुई सय नौ जनामा क्षयरोगको लक्षण देखिएको थियो। लक्षण देखिएकाको थप परीक्षण गर्दा ७२ जनामा सङ्क्रमण पुष्टि भएको हो", उनले भने।

भरतपुर महानगरपालिकामा १६, कालिका नगरपालिकामा १७, माडी नगरपालिकामा १६ र इच्छाकामना गाउँपालिकामा २३ जनामा यो रोगको सङ्क्रमण पुष्टि भएको क्षयकुष्ठ अधिकृत दुवाडीले जानकारी दिए। उक्त एक्सरे उपकरणमा एआई प्रविधिको जडान गरिनुका साथै उक्त उपकरणले बिरामीको अवस्थासहितको जानकारी दिने बताउँदै उनले उपकरणको सही प्रयोग गर्ने उद्देश्यले विशेषज्ञ चिकित्सकको सहायतामा क्षयरोग पहिचानसम्बन्धी शिविर सञ्चालन गरिएको उल्लेख गरे।

क्षयकुष्ठ अधिकृत दुवाडीका अनुसार यो रोग माइक्रोब्याक्टेरियम ट्यूबरकुलोसिस नामक व्याक्टेरियाको सङ्क्रमणका कारण हुन्छ। 'रोग लागेको सुरुआती अवस्थामा थोरै काम गर्दा पनि थकान महसुस हुने र कमजोरी महसुस हुन थाल्छ। मानिसले यस्ता लक्ष्यणलाई गम्भीरतापूर्वक लिँदैनन्। विस्तारै क्षयरोगको व्याक्टेरियाले सङ्क्रमणको रूप लिई गम्भीर समस्या निम्त्याउने गर्दछ', उनले भने।

रुघाखोकी लाग्नु, ज्वरो आउनु क्षयरोगको प्रारम्भिक लक्षण हो। सामान्यतया यस्ता समस्या पाँच दिनभित्रमा ठिक पनि हुन्छन्। तर, लगातार रुघाखोकी लागिरह्यो, ज्वरो कम भएन, दुई हप्तासम्म पनि खोकी रहिरह्यो भने तुरुन्तै चिकित्सककहाँ जानुपर्ने क्षयकुष्ठ अधिकृत दुवाडीले सुझाव दिए।

यो रोग लागेमा सुर्ती मिसाएर बनेका कुनै पनि पदार्थ सेवन नगर्ने, सुरु गरेको भए तुरुन्तै छोड्नुपर्छ। अधिक मदिरा, लागूपदार्थ वा औषधि सेवन गर्न नहुने क्षयकुष्ठ अधिकृत दुवाडीले बताए। स्वास्थ्यकर्मीको परामर्श लिई नियमित रूपमा पूरा समय (छदेखि आठ महिना)सम्म निःशुल्क प्राप्त हुने औषधि सेवन गर्ने, औषधि सेवन गर्न सुरु गरेपछि स्वास्थ्यकर्मीको सल्लाहअनुसार समयसमयमा परीक्षण गर्नेलगायत कार्य गर्न आवश्यक रहेको उहाँले सुझाव दिए।

# रेडक्रसको ५४औँ वार्षिक साधारण सभा

भरतपुर। नेपाल रेडक्रस सोसाइटी चितवन शाखाको ५४ औँ वार्षिक साधारण सभा शाखा सभापति हरिप्रसाद पौडेलको सभापतित्व एवम् भरतपुर महानगरपालिकाका कार्यवाहक नगरप्रमुख चित्रसेन अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

उपसभापति रत्नप्रसाद सापकोटाले स्वागत तथा उपसभापति सिर्जना अधिकारीले सात सिद्धान्त वाचन गरेको कार्यक्रममा शाखा सभापति पौडेल, प्रमुखअतिथि अधिकारी, नेपाल बार एसोसिएसन चितवनका उपाध्यक्ष सीताराम अधिकारी, नेरेसो केन्द्रीय समितिका पूर्वउपमहामन्त्री हरिप्रसाद न्यौपाने, नारायणगढ उपशाखा सभापति कृपाकुमारी राजभण्डारी, चनौली उपशाखाका सभापति ओमप्रसाद लामिछानेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

सभामा आर्थिक प्रतिवेदन कोषाध्यक्ष विजयराज खनाल र वार्षिक प्रगति प्रतिवेदन उपमन्त्री महेश्वर थपलियाले प्रस्तुत गरेका थिए। सभामा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष विनोदकुमार शर्मा र नेरेसो बागमती प्रदेशका महासचिव रामजी पौडेलले वार्षिक सभाको सफलताको लागि शुभकामना सन्देश पठाएका थिए।

सो अवसरमा रेडक्रसकर्मीको भूमिकामा रहेर सेवा पुऱ्याउने जिल्ला शाखाका स्व. राममणि खनाललाई मरणोपरान्त सम्मान, उनकी धर्मपत्नी अनिता अर्याल, नेरेसो जगतपुर उपशाखाका निवर्तमान सभापति पारसमणि भुसाल, नेरेसो गर्दी उपशाखाका निवर्तमान सभापति हेमलाल ढकाल, नेरेसो भरतपुर उपशाखाका निवर्तमान सभापति बालकृष्ण सुवेदी, नेरेसो शिवनगर उपशाखाका निवर्तमान सभापति शिवराम ढुङ्गाना, नेरेसो शक्तिखोर उपशाखा निवर्तमान सभापति लीलाबहादुर श्रेष्ठ, नेरेसो नारायणपुर उपशाखाका पूर्वसभापति डा.कृष्णप्रसाद सापकोटा र नेरेसो गौरीगञ्ज उपशाखाका निवर्तमान सभापति रामचन्द्र देवकोटालाई सम्मान गरिएको थियो।

सोही अवसरमा वार्षिक गतिविधि एवम् प्रतिवेदनका आधारमा प्रथम हुने नेपाल रेडक्रस सोसाइटी कृष्णपुर र चनौली उपशाखा, द्वितीय हुने नेपाल रेडक्रस सोसाइटी जुटपानी र नारायणगढ उपशाखा, तृतीय हुने नेपाल रेडक्रस सोसाइटी गर्दी र भरतपुर उपशाखा पुरस्कृत भएका छन्। यस्तै, जुनियर/युवा सर्कल मूल्याङ्कनमा प्रथम नेजुरेस उषा इङ्लिस बोर्डिङ स्कुल मङ्गलपुर, द्वितीय नेजुरेस ओमशान्ति एकेडेमी भरतपुर, तृतीय बालकुमारी मावि नारायणगढ, उत्कृष्ट शिक्षक नायकमा चितवन मावि भरतपुरकी दुर्गा लामिछाने, उत्कृष्ट प्राचार्य/संरक्षकमा भीमनगर माविका कोमलनाथ घिमिरे, एकता शिशु निकेतनका बालहरि देवकोटा, भौतिक संरचना निर्माणलगायत भवन निर्माण गर्ने उपशाखाहरु दिव्यनगर, कल्याणपुर, मेघौली, पिठुवा, कठार र जग्गा व्यवस्थापन गर्न सफल हुने जगतपुर उपशाखा साथै सदस्यता अभियानअर्न्तगत विशिष्ट सदस्यता सबैभन्दा बढी वृद्धि गर्ने पार्वतीपुर उपशाखा, सञ्चारकर्मीहरुमा रेडियो साइनोका विश्वनिधि अर्याल, चितवन पोष्ट दैनिकका संवाददाता रामशरण गैरे, नेरेसो रत्ननगर उपशाखाकी कार्यालय सहायक शान्ति आचार्य पौडेल र भरतपुर उपशाखाकी पञ्चकला थापालाई कार्यसम्पादनको मूल्याङ्कन गर्दै पुरस्कृत गरिएको थियो।

# अङ्कुरम्मा सतप्रतिशत विद्यार्थी उत्तीर्ण

भरतपुर । भरतपुर महानगरपालिकाले महानगरस्तरीय कक्षा ८ को नतिजा शुक्रबार सार्वजनिक गरेको छ। यसवर्ष भरतपुरका १६३ वटा विद्यालयले परीक्षामा सहभागिता जनाएका थिए। तीमध्ये ७४ सामुदायिक, ८४ संस्थागत तथा ५ धार्मिक विद्यालय रहेका छन्।

नतिजाअनुसार शतप्रतिशत पास हुनेमा भरतपुरको अङ्कुरम् एकेडेमी रहेको छ। ७४ जना विद्यार्थी सहभागी भएकोमा सबै पास भएको महानगर शैक्षिक महाशाखाले जनाएको छ।


सामुदायिक विद्यालयतर्फ भद्रकुमारी राष्ट्रिय आधारभूत विद्यालयका ३५ विद्यार्थी सहभागी भएकोमा ३४ जना पास भएका छन्। नारायणी नमुना मावि भरतपुरबाट सबैभन्दा बढी कुल ३ सय ४५ जना सहभागी भएकोमा ३३३ जना विद्यार्थी पास भएका छन्। परीक्षामा जम्मा ७५८९ विद्यार्थी सहभागी भएका थिए। जसमा ४३११ जना विद्यार्थी उत्तीर्ण भएका छन्। जुन ५६.८१ प्रतिशत हो।

आधारभूत विद्यालय लगौटाका ९ जना विद्यार्थी र राष्ट्रिय मावि चौकीका १२ जना विद्यार्थी परीक्षामा सहभागी भएकामा सबै अनुत्तीर्ण भएको शैक्षिक प्रशासन महाशाखा भरतपुरले जनाएको छ। समग्रमा उत्तीर्ण प्रतिशत सन्तोषजनक देखिएको भरतपुर महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख सुवास आचार्यले बताए।

आठ वटा विद्यालयले ४ जिपिए ल्याउन सफल भएका छन्। भरतपुरको शैक्षिक गुणस्तर सुधारतर्फ सकारात्मक मान्न सकिन्छ। वाल्मीकि शिक्षा सदनका ३ जनाले चार जिपिए ल्याएका छन्। नारायणी नमुना माविबाट एक जनाले चार जिपिए ल्याएका छन्।

शिक्षा सरोकारवालाहरूले नतिजालाई थप सुधार गर्दै आगामी वर्षहरूमा अझ राम्रो उपलब्धि हासिल गर्न विद्यालय, शिक्षक र अभिभावकबीच समन्वय आवश्यक रहेको बताएका छन्।

## फिल्म/मनोरञ्जन



# "राम नाम सत्य"को सुखद सुरुवात

काठमाडौं। नयाँ वर्षको छेको पारेर गत शुक्रबारबाट प्रदर्शनमा आएको एक्सनप्रधान फिल्म 'राम नाम सत्य'ले घरेलु बक्स अफिसमा सुखद सुरुवात गरेको छ। फिल्मले पहिलो दिन देशव्यापी ३० प्रतिशत हाराहारी अकुपेन्सी हासिल गरेको थियो। फिल्मको चर्चा अनुसार यो अपेक्षित नभए पनि गत माघमा प्रदर्शन भएको 'आ बाट आमा'पछिकै उच्च ओपनिङ अकुपेन्सी हो।




दोस्रो दिन शनिबार भने फिल्मको अकुपेन्सीमा केही वृद्धि देखियो। काठमाडौंका अष्टनारायण, कीर्तिपुर सिनेप्लेक्स, लबिम मल, बिग मुभिज लगायतका हलमा दर्शकको चाप उल्लेख्य देखिएको थियो। नेपालगञ्ज, धनगडी, विर्तामोड, धरान लगायतका सहरमा पनि फिल्मले सन्तोषजनक व्यापार गऱ्यो। समग्रमा शनिबार फिल्मको देशव्यापी अकुपेन्सी ५० प्रतिशतमाथि थियो।

फिल्मप्रदर्शनमा आएसँगै कलाकारदेखि निर्देशकसम्म काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकहरूसँग साक्षात्कार गरिरहेका छन्। शनिबार फिल्मका मुख्य अभिनेता विराज भट्ट बालाजुस्थित अष्टनारायण हलमा पुग्दा दर्शकले हुटिङ गर्दै 'विराज भट्ट शान हो, विराज भट्ट बाघ हो' भन्दै नारा लगाएका थिए। त्यहाँ करिब १ हजार दर्शकले फिल्म हेरेका थिए।

फिल्मको व्यापार र दर्शक प्रतिक्रियाबाट विराज उत्साहित देखिएका छन्। शनिबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले भने, 'शुक्रबार देशभर फिल्म हेर्ने दर्शकको उपस्थिति राम्रो थियो। शनिबार अझ बढ्यो। यो भनेको एकदमै राम्रो चिज हो। ओपनिङ राम्रो लागेर पछि 'ड्रप' हुनुभन्दा विस्तारै बढ्नु नै राम्रो हो। म के कुरामा ढुक्क छु भने फिल्म राम्रो चल्छ र लामो चल्छ।'

उनले 'राम नाम सत्य'को दोस्रो भाग बन्ने पनि जानकारी दिए। सिक्वेलका लागि केही प्रतिशत छायांकन भइसकेको उनको भनाइ छ। त्यसो त फिल्मको पोस्ट-क्रेडिटमार्फत नै दोस्रो भागको घोषणा गरिएको छ। फिल्मको दोस्रो भाग टिकटक स्टार आयुष सिंह ठकुरीमा केन्द्रित हुने देखिन्छ। किनकि, फिल्मको अन्तिम दृश्यमा उनलाई नै प्रस्तुत गर्दै 'राम नाम सत्य २' घोषणा गरिएको छ।

माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराजसहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, सुनिल थापा, प्रशान्त ताम्राकार, आयुषसिंह ठकुरी, खुशी कार्की, दिनेश डिसी लगायतका कलाकारहरूको अभिनय रहेको छ। फिल्ममा उपेन्द्र शाही र स्वेता बिमलीको लगानी छ भने किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार कार्यकारी निर्मातामा रहेका छन्। *-फिल्मीखबरबाट।*

# "स्टेशन" बनाउँदै केकी, सुरक्षणको निर्देशन

काठमाडौं। २०८१ सालमा प्रदर्शन भएको 'बोक्सीको घर'बाट ठूलो व्यावसायिक सफलता हासिल गरेकी अभिनेत्री केकी अधिकारीले यस वर्ष नयाँ फिल्म 'स्टेशन' बनाउने भएकी छन्।

मंगलबार नयाँ वर्ष २०८३ को अवसरमा उनले यो फिल्मको निर्माण घोषणा गरेकी हुन्। आगामी भदौ १९ गतेलाई फिल्मको प्रदर्शन मिति पनि तय गरिएको छ।




केकीले पोस्टरमार्फत फिल्मलाई 'बोक्सीको घर'को छनक दिन खोजेकी छन्। फिल्मको शीर्षकलाई रातो रंगमा तयार पारिएको छ भने नामलाई बीचबाट काटेर 'शन' शब्दमा टेप टाँसिएको छ। पोस्टरको पृष्ठभूमिमा भने ल्यापटपदेखि अनुसन्धानका लागि भित्तामा टाँसिएका विभिन्न कागजहरू देखिन्छन्। यसले क्राइम-थ्रिलर जनरामा फिल्म बन्न लागेको संकेत गर्छ।

केकीले फिल्मको निर्माण घोषणा गर्दै सामाजिक सञ्जालमा लेखेकी छन्, 'वर्ष बदलिँदा, समय बदलिँदा कथा पनि बदलिन्छ।

तर, सपनाको रंग उस्तै रहन्छ। त्यही रंगले कोरेको हाम्रो नयाँ यात्रा-स्टेशन।' उनले बदलिएको समयमा बदलिएको कथा लिएर आउन लागेको बताएकी छन्। निर्माणको हिसाबले यो उनको तेस्रो फिल्म हुनेछ।

केकी अधिकारी फिल्म्सको ब्यानरमा निर्माण हुने यस फिल्मलाई सुलक्षण भारतीले निर्देशन गर्नेछन्।

रंगमञ्च पृष्ठभूमिका उनले यसअघि 'बोक्सीको घर' निर्देशन गरेका थिए। यसमा कथा भारती स्वयंको छ। फिल्मको निर्मातामा बद्री अधिकारी रहेका छन्। डेढ दशकअघि 'इन्द्रावती', 'लडाइँ' लगायतका फिल्मको निर्देशन समेत गरेका उनी केकीका बुबा हुन्।

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# एटीजेद्वारा २०८३ को पूर्वसन्ध्यामा शुभकामना आदान-प्रदान

भरतपुर। तामाङ पत्रकार संघ (एटीजे) जिल्ला शाखा चितवनले आउँदो नयाँ वर्ष २०८३ सालको पूर्वसन्ध्यामा आइतबार शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका पुर्ब कृषि तथा सहकारी मन्त्री एवम् नेपाल तामाङ घेदुङका संघिय परिषदका सल्लाहकार माननीय दावादोर्जे लामा थिए।

कार्यक्रममा प्रमुख अतिथि लामाले नेपालको राजनीति अस्तब्यस्त तवरले अघि बढेको बताए। नेपालको राजनीति जस्तो तवरले अघि बढ्दै गरेपनी आफ्नो समुदायको पहिचानका लागि खबरदारीपुर्बक लागिपर्नुपर्नेमा जोड दिए।

उनले आफ्नो समुदायको अस्तित्वको लागि निरन्तर संघर्ष गर्दै एक भएर लाग्नुपर्नेमा जोड दिदै तामाङ समुदायको पहिचान सहितको समृद्धिको लागि सबैलाई आ(आफ्नो क्षेत्रबाट सशक्त ढंगबाट लागिपर्न आह्वान समेत गरे।

त्यस्तै विशिष्ट अतिथि तामाङ पत्रकार संघका केन्द्रीय सदस्य राजेश रुम्बाले तामाङ पत्रकार हरेक क्षेत्रमा अब्बल साबित गर्दै अघि बढ्नु आजको आबस्यक्ता रहेको औंल्याए।

यसैबीच नेपाल तामाङ घेदुङ संघिय सचीव गोमन सिंह लामाले तामाङ समुदायको पहिचान दिनानुदिन हराउन थालेको बताउँदै आफ्नो संस्कृति, संस्कार, भाषा बचाईराख्न तामाङ सम्बद्ध सम्पुर्ण निकायहरु एकताबद्ध भएर लागि पर्नुपर्नेमा जिकिर गरे।



कार्यक्रममा आदिबासी जनजाति महासंघ चितवनका अध्यक्ष सागर कुमालले जनजातिले नै देशको अस्तित्व जोगाएको भन्दै अझै पृथक तवरले जनजातिहरु अघि बढ्नुपर्ने बताए।

यसैगरी रत्ननगर नगरपालिका वडा नम्बर १५ का वडा अध्यक्ष आसिक तामाङले तामाङ समुदाय आफैं सर्वाङ्गीण हुनुपर्नेमा जोड दिए। उनले तामाङ समुदायको उत्थानका लागि सदैब आफ्नो वडाबाट सहयोग गर्न तयार रहेको बताए। तामाङ समुदाय अब्बल हुन सहि शिक्षा अपनाउनुपर्ने बताउदै सो का लागी कमजोर र बिपन्न ब्यक्ती जानकारी हुन आए तिनको जिवनस्तर उकास्न आफ्नो वडाबाट सहयोग गर्न तयार रहेको पनि बताए।

कार्यक्रममा नेपाल तामाङ घेदुङ बागमतीप्रदेशसचीवदिलकुमारीथिङ, राप्ती नगरपालिकाका कार्यपालिका सदस्य आइतीदेवि स्याङतान, तामाङ पत्रकार संघ बागमती प्रदेश सदस्य एवम् चितवनका निबर्तमान अध्यक्ष बबिलाल तामाङ लगायतले शुभकामना मन्तव्य दिए।

कार्यक्रममा नेपाल तामाङ घेदुङ चितवनका सचीव सन्देश घलान, म्हणिप्पा आमा समुह भरतपुरका सचीव पासाङ तामाङ, समाजसेवी राजकुमार थिङ, युवा समाजसेवी दिपक थिङ, समाजसेवी भरत दरै लगायतका अतिथिहरु उपस्थित थिए।

संघले सोही अवसमा २०८३ सालको भित्ते पात्रो समेत विमोचन गरेको छ। प्रमुख अतिथि, विशिष्ट अतिथिहरु लगायतले संयुक्त रुपमा उक्त भित्तो पात्रो विमोचन गरेका हुन्।

कार्यक्रममा उपस्थित अतिथिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो। संघका उपाध्यक्ष सन्तोष तामाङले स्वागत मन्तव्य र सचिव प्रतिमा तामाङले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो भने कार्यक्रम संघका अध्यक्ष प्रकाश तामाङको सभापतित्वमा सम्पन्न भएको थियो।

पानी उमालेर मात्रै पिउने बानी बसालौं।

## पत्रपत्रिकाको ...

माध्यमलाई बचाउनु स्थानीय सरकारको पनि दायित्व भएकाले सम्बन्धित पालिकाहरुले आफ्नो पालिकाबाट सञ्चालित मिडियाहरुलाई प्रोत्साहन गर्न जरूरी रहेको उनको भनाइ थियो।

न्यूजप्रवाह साप्ताहिकका अध्यक्ष एवम् प्रधानसम्पादक बबिलाल तामाङले विगतदेखि नै नयाँ वर्षको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममार्फत आफ्ना शुभेच्छुकहरुसँग छलफल र अन्तर्क्रिया गर्दै आएको बताए। मोफसलबाट सञ्चालित हुने मिडियाको पीरव्यथा राज्यको निकायमा पुगोस् भन्ने हेतुले पनि यस कार्यक्रमलाई निरन्तरता दिंदै आएको उनको भनाइ थियो।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) जिल्ला समन्वय समिति चितवनका अध्यक्ष सागर कुमाल, नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति चितवनका अध्यक्ष बाबुलाल थिङ, मञ्जुश्री म्हाणिपा आमा समूहका सचिव पासाङ तामाङलगायतले नयाँ वर्षको शुभकामना व्यक्त गर्दै सञ्चारमाध्यमको स्थायित्वका लागि विभिन्न संघसंस्था र निजी क्षेत्रको पनि उत्तिकै दायित्व रहेको उल्लेख गरे।

सञ्चारमाध्यमले कुनाकाप्चामा लुकेर रहेका समुदायका आवाज पस्किने भएकाले सत्य, तथ्य र विश्वासनीय समाचारमार्फत समाजलाई सही दिशातर्फ डोऱ्याउन जरूरी रहेको उनीहरुको भनाइ थियो। वक्ताहरुले समाजका विकृति, विसंगति र विभाजनलाई रोक्दै असल समाज निर्माण गर्ने भूमिका निर्वाह गर्न सबै पत्रकारहरुलाई अनुरोध गरे।

न्यूजप्रवाह साप्ताहिकका अध्यक्ष एवम् प्रधानसम्पादक बबिलाल तामाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एस एण्ड पी कम्पनीका सञ्चालक सूर्यप्रसाद श्रेष्ठ, पत्रकारहरु केशव भट्टराई, टीकादत्त तिमिल्सिना, सुरज शर्मा, रोहिणी त्रिपाठी, राजेन्द्र कार्की, तामाङ पत्रकार संघ चितवनका अध्यक्ष प्रकाश तामाङ, उपाध्यक्ष सन्तोष तामाङ, सचिव प्रतिमा तामाङ, बिना तामाङलगायतको सहभागिता रहेको थियो। सो अवसरमा न्यूजप्रवाह साप्ताहिकले प्रकाशन गरेको भित्तेपात्रो (क्यालेन्डर)को विमोचन गर्दै प्रमुखअतिथिलाई मायाको चिनो प्रदान गरिएको थियो।

## सिद्धि विनायक ...

उपसमिति संयोजक कृष्णप्रसाद सिलवाल, अध्यक्ष थिरप्रसाद धिताल, उपाध्यक्ष मुकुन्दप्रसाद गौतमले संयुक्त रुपमा उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा सचिव जयराम पाण्डे, सहसचिव संगीता गौतम, व्यवस्थापक विकास पौडेललगायत राहत वितरण उपसमितिका सदस्यहरु, शेयर सदस्यहरुलगायतको उपस्थिति रहेको थियो।

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
www.newsprabah.com

## मैंले कसरी ...

उनले केही हप्तामै एक लाख डलर गुमाउन पुगे।

**स्टक र अनुसासन**

तपाईंलाई पनि यस्तै हुन्छ हो ? बढ्दै गरेको स्टकलाई केही समय होल्ड गर्न गाह्रो पर्ने, फेरि घटिहाल्ला कि भनेर बेचूँबेचूँ लागेर बेचिदिइ हाल्ने। अनि स्टकले डाँडो काटेपछि हेत्तेरी भन्दै पछुताउने। यस्तो दोधार पूर्ण समस्या डारभसलाई पनि हुने गर्दथ्यो। डारभसले आफ्नो गल्ती कमजोरीलाई पाठकसामू डारभसले यसरी ल्याएका छन्, मैंले जहिले पनि एकदम छिट्टै बेचें किनभने म एकदम कातर छु। उनी थप्छन्, मैंले २५ डलरमा कुनै स्टक किनें र यो ३० डलरसमम पुग्यो म घट्ला भनेर यति चिन्तित भएँ कि मैंले यसलाई बेच्दिइहालें। मलाई गर्नुपर्ने सही कुरा थाहा थियो तर मैंले त्यसको ठीक विपरित गरें।

**टाइम म्यायाजिनको त्यो अन्तरवार्ता**

स्टक मार्केटसँग साइनो सम्बन्ध केही नभएको एउटा नर्तकीले कसरी यस्तो काम गर्न सक्छ भन्ने ठानेरै उनीहरुले झट्ट विश्वास गरेका थिएनन्। किनभने डारभस न स्टक मार्केट पढेका विज्ञ, अर्थशास्त्री थिए, न नाम चलेका ब्रोकर दलाल परामर्शदाता नैं थिए। न तत्कालीन शेयरबजारको सर्कलले विश्वास गरिहाल्ने आधार नै थिए।

तर तिनिहरुलाई के थाहा डारभस आफ्नो स्वअध्ययनमा यति अगाडि बढेका थिए कि उनले स्टक मार्केटमा नाम चलेका भन्दा बढि कूल २ सय किताव पढिसकेका थिए। अंक विश्लेषण र शैली केलाउनै उनी दैनिक आठघण्टा भन्दा बढि समय व्यतित गर्दथे।

डारभसको स्टक मार्केट कारोबारको तौर तरिकाको चर्चा वालस्ट्रिटमा जोडतोडले हुन थाल्दछ। उनको सफलताको समाचारहरु व्यक्तिगत तवरबाट चुहिन्छ र सबैतिर फैलिन थाल्छ। डारभसको बक्स थ्योरी यति चर्चित हुन्छ कि वालस्ट्रिटमा उनकै चर्चा हुन्छ। विश्वप्रसिद्ध टाइम म्यागाजिनको रिपोर्टरले उनको अन्तरवार्त गर्छन्। अन्तरवार्ता त गर्छन् तर म्यागाजिनका सम्पादक कन्भिन्स हुदैनन्।

टाइम म्यागाजिनको बिजनेश ब्यूरो (सेक्सन)ले पत्याउँदैन र कुरा रोचक भएकोले सिनियर एडिटरलाई लिएर तथ्य जाँचको लागि आउने अनुमति माग्दै रिपोर्टरले फोन गर्छन्। सिनियर एडिटर र रिपोर्टर दुइजना मिलेर रेस्टुरेन्टमा स्याण्डबीच मगाएर फेरि डारभसको कुरा सुन्न थाल्छन् दिउँसो १ बजे। सिनियर एडिटर डारभसको कुरामा यति मग्न भइदिन्छन् कि ४ बजेसम्म पनि त्यो स्याण्डबिच छुँदैनन्। निनियर एडिटरले जब सबै कुरा बुझ्छन्, त्यसपछि मात्र स्याण्डबिच खान्छन्। अनि केही पनि नबोली उनी बाहिर निस्कन्छन्। अनि फेरि टाइम म्यागाजिनकै वालस्ट्रिट विज्ञ विज्ञको फोन आउँछ, म्यानेजिंग एडिटर लगायत टाइम का तीनजना स्टाफले फेरि तथ्य जाँच नगरि स्टोरी प्रकाशित गर्न मिल्दैन भन्छन्। तथ्य जाँचको लागि उनीहरु आउँछन्। डारभस लेख्छन्, म्यानेजिंग एडिटरले त स्टक मार्केटको मेरो सफलतालाई मात्र शंका गरेनन् उनलाई त मैंले नाच्न सक्छु भन्ने कुरालाई पनि विश्वास गरेनन्। कुराकानी गरिसकेपछि, नाच पनि हेर्न खोज्छन्, त्यो पनि गरिसकेपछि अन्तमा तपाईं किन आफ्नो कारोबारको बारेमा स्वतन्त्ररुपले भन्नुन्छ भनेर प्रश्न गर्छन्। डारभस लेख्छन्, मैंले उत्तर दिएँ कि मैंले जे गर्न सकेको छु, त्यसमा म गर्व गर्छु, मलाई लाग्यो कि लुकाउनुपर्ने कुरा केही छैन।

उनको सिस्टम वा रेकर्डमा कुनै त्रुटि वा कमजोरी त छैन भनेर सबै कुरा हेर्न चाहेको भन्छन्। कुरा गर्दागर्दै मध्यरात हुन्छ र बिहानको दुइ बजे जब टाइम म्यागेजिनको टिम विश्वस्त हुन्छ, डारभसको सफलतालाई सेलिब्रेट गर्न लेट्स ह्याव अ ड्रिंक भन्दै ग्लास उठाउँछन् र टोस्ट गर्छन्। टायम म्यागाजिनको शेयरबजार बिज्ञ तथा आर्थिक विभागको टिम डारभसले कहिले कहिले कुन कुन स्टक किन किने र त्यसको नाफा नोक्सान बक्स थ्योरीको सम्बन्धमा कस्तो पर्यो भन्ने बुझ्नका लागि इच्छुक थियो। टाइम म्यागेजिनको टिम कन्भिन्स भइसकेपछि उनी बारेको समाचार छापिन्छ, त्यसपछि डारभसको चर्चाको आयतन झन् विस्तार हुँदै उनको बक्स थ्योरी स्थापित हुन्छ।

निकोलस डारभसलाई २० लाख डलर दिलाउने मुख्य स्टकको चार्ट, भोल्यूम र तीन वर्षको अवधीको स्टक गतिविधिको इतिहास अमेरिकन रिसर्च काउन्सीलले प्रस्तुत गरेको थियो जुन यस पुस्तकमा समावेश पनि छ। लोरीलार्ड, इ एल ब्रुस, डाइनर्स क्लव, युनिभर्सल कन्ट्रोल, थियोकोल केमिकल, टेक्सास इन्स्ट्रुमेन्ट, फेयरचाइल्ड क्यामेरा, जेनिथ रेडियोका स्टकहरु डारभसले कारोबार गरेका समयका प्राइस एक्सन र भोल्यूमको ग्राफ पनि उक्त पुस्तकमा समावेश गरिएको छ।

सन्सारमा जस्तै स्टक मार्केटमा पनि कुनै पनि कुरा सबै परिस्थितिका लागि सही वा गलत हुँदैनन्। एउटा परिस्थितिमा अचूक रुपमा काम गरेको सिल्प, शैली र रणनीतिले अर्को परिस्थितिमा काम नगर्न सक्छ। यसका लागि विभिन्न फ्याक्टरहरुको विश्लेषण, मूल्यांकन पछि मात्र कुनै विशेष समयसीमाका लागि कुनै प्रक्षेपण तय गर्न सकिन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।

# साप्ताहिक राशीफल

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वियनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** यो साता रमणीय र सुखद यात्राको योग छ। कहींकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहैंलो वा सेतो हो।

**वृश्चिक** आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# रत्ननगरको शिक्षामा लगानी बालुवामा पानी

रत्ननगर। रत्ननगर नगरपालिकामा शिक्षामा गरिएको लगानी बालुवामा पानी हालेसरह भएको छ। भर्खरै सार्वजनिक बिइई परीक्षाको नतिजाले सामुदायिक विद्यालयमा गरिएको लगानी बालुवामा पानीबराबर भएको हो।

कक्षा ८ मा १९ वटा सामुदायिक विद्यालयबाट परीक्षामा सहभागी विद्यार्थीमध्ये ३७.९८ प्रतिशतमात्र उत्तीर्ण (ग्रेडेड) भए।

रत्ननगरको कमजोर नतिजाले स्थानीय शिक्षाप्रणालीमाथि नै गम्भीर सवाल खडा गरिदिएको छ। सामुदायिक विद्यालयबाट परीक्षामा सहभागी ६८२ विद्यार्थीमध्ये ४२३ जना कक्षा ९ मा अध्ययनका लागि अयोग्य हुँदा समग्र उत्तीर्ण प्रतिशत ३७.९८ मा झरेको छ।

परीक्षामा सहभागी १९ मध्ये १६ वटा विद्यालयको नतिजा ५० प्रतिशतभन्दा तल रहेको छ। बैरिया माध्यमिक विद्यालयको ६४.४९ प्रतिशत, आधारभूत विद्यालय बेल्सीको ६४.२९ प्रतिशत र जनजागृति माध्यमिक विद्यालय ५१.३५ प्रतिशत रहेको छ भने १७ वटा विद्यालयको अवस्था चिन्ताजनक छ।

अन्य सबै १६ विद्यालयको नतिजा ५० प्रतिशतभन्दा तल छ। भद्रकाली मावि र आधारभूत विद्यालय देवौलीको नतिजा सबैभन्दा कमजोर देखिएको छ। यी दुवै विद्यालयका १० प्रतिशत विद्यार्थी पनि अपग्रेडेड हुन सकेनन्।

जसमध्ये ३२ जना विद्यार्थीले परीक्षा दिएको भद्रकाली माविका जम्मा ३ जना विद्यार्थी ग्रेडेड भएका छन् २ ९ जना विद्यार्थी ननग्रेडेड भए। जुन कुल विद्यार्थी संख्याको ९.३८ प्रतिशत मात्र हो।

यसैगरी, आधारभूत विद्यालय देवौलीमा कुल १६ जना विद्यार्थी परीक्षामा सहभागी भएकामा १ जना मात्र कक्षा ९ मा अध्ययन गर्नयोग्य भएका छन्। सो विद्यालयका १५ जना विद्यार्थी ननग्रेडेड भए। जुन कुल विद्यार्थी संख्याको ६.२५ प्रतिशत मात्र हो। परीक्षामा सहभागी विद्यालयमध्ये ७ वटा विद्यालयको नतिजा ३० प्रतिशतभन्दा कम छ।

संस्थागत विद्यालयतर्फ भने ७० प्रतिशत विद्यार्थी २३ वटा विद्यालयबाट उत्तीर्ण (ग्रेडेड) भएका छन्। २० वटा विद्यालयबाट कक्षा आठको परीक्षामा सहभागी एक हजार ६९ विद्यार्थीमध्ये ७५३ विद्यार्थी उत्तीर्ण (ग्रेडेड) हुँदा ३१६ विद्यार्थी अनुत्तीर्ण (ननग्रेडेड) भएका छन्।

गायत्री हरिहर गुरूकुलम र श्रीराम वैदिक गुरूकुलले सात प्रतिशत नतिजा हासिल गरेका छन्। गायत्रीबाट १७ जना र श्रीराम वैदिकबाट १० जना विद्यार्थी परीक्षामा सहभागी थिए। रत्ननगर नगरपालिकाका उपप्रमुख यादवप्रसाद पाठकले शिक्षण सिकाइ प्रभावकारी नभएकै कारण कक्षा आठको परीक्षामा नतिजा कमजोर आएको बताएका छन्।

# निकुञ्जमा गोली लागेर गैंडाको मृत्यु

भरतपुर। चितवन राष्ट्रिय निकुञ्जमा आर्मीले आत्मरक्षाका लागि गोली चलाउँदा गैंडाको मृत्यु भएको छ।

निकुञ्जको कोर क्षेत्रमा गस्तीमा गएको समयमा अचानक गैंडाले सिपाहीलाई आक्रमण गरेपछि आत्मरक्षाका लागि गोली चलाउँदा अन्दाजी २४ वर्षको पोथी गैंडाको मृत्यु भएको हो।

चितवन राष्ट्रिय निकुञ्जका अनुसार सोही गस्तीमा गएका कमाण्डरले गैंडा धपाउनका लागि १० राउड हवाई फायर गरेका थिए। त्यसपछि पनि नभागेपछि कमाण्डरको आदेशमा अर्का एक जनाले चार राउण्ड गोली चलाएका गरेका थिए।

त्यसपछि पनि गैंडाले आक्रमण गरेको हुँदा घाइते सिपाहीलाई बचाउनका लागि थप दुई राउण्ड गोली चलाउँदा एउटा गोली गैंडाको पेट भन्दामाथि लागेर मृत्यु भएको निकुञ्जले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

मृतक गैंडाको पोस्ट मार्टम गरिसकिएको छ भने घाइते सिपाहीलाई उपचारका लागि हेलिकप्टरबाट वीरेन्द्र अस्पताल छाउनीमा लागिएको निकुञ्जका संरक्षण अधिकृत अभिनाश थापामगरले जारी गरेको विज्ञप्तिमा भनिएको छ।


फोन : ९८४६४७५३४१ ९८४६८५२९१५

गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।



बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

हाम्रा सेवाहरू : ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।


## डिभिजन वन कार्यालय, चितवनको अनुरोध

- गर्मीयामको सुख्खा मौसममा वन जंगलमा डढेलो लाग्ने संभावना भएकोले यसवाट जनधन, वन, वन्यजन्तु तथा जैविक विविधताको ठुलो क्षति हुन सक्दछ। त्यसैले वन डढेलोवाट बच्न निम्न तरीकाहरु अपनाऔं।
- बस्ती तथा वन जंगलको छेउछाउमा आगो नवालौं।
- चुरोट विंडी खाएर आगो सहितको ठुटा जहाँतहीं नफलौं।
- सामुदायिक वन, कबुलियती वन उपभोक्ता समुहहरुले वनमा भएका पातपतिङ्गर तथा सोत्तरसफा गरी अग्नीरेखा निर्माण गरौं
- वन भोज जाँदा सकेसम्म वन जंगल बाहिर जाने गरौं। वनभोज सकिए पछि आगो राम्ररी निभाऔं।
- नजिकको वन क्षेत्रमा आगलागी भएमा उपभोक्ता, वन कर्मचारी एवं प्रहरी प्रशासनको सहयोगमा निभाऔं।
- वनमा आगो लगाउनु दण्डनिय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारवाही गराऔं।
- सकेसम्म वनमा डढेलो लाग्न नदिऔं, लागी हालेमा सवै मिली तुरुन्त निभाऔं, आफु बच्न वनलाई बचाऔं।
- कोही कसैले जानी जानी राष्ट्रिय वनमा आगो लगाउने अपराध गरे गराएमा बिगो (नोक्सान भएको रुख विरुवाको मुल्य) असुल गरी रु.६००००।- सम्म जरिवाना वा तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

खवरका लागि प्रहरीको फोन नं. १००
डिभिजन वन कार्यालय चितवनको ९८५५०९२२२२
९८५५०५७२१५

डिभिजन वन कार्यालय, चितवन

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
### भरतपुर, चितवन

### सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**


"तपाईको सेवामा, आजै कल गर्नुहोस्"





❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरू नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४